ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
*************************************

# *एक चिहान* उपन्यासमा नारी प्रतिरोध

महेन्द्र वाग्ले[1]

# Female Resistance in *Ek Chihan* Novel

Manendra Wagle

[1]Assistant Professor, Department of Nepali, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
[1]Corresponding Author: sajalwagle@gmail.com

Article History: Received: Nov. 20, 2022 Revised: Jan. 8, 2023 Received: Jan 13, 2023

**लेखसार**

साहित्यका कृतिहरूलाई नारीको आर्थिक, सामाजिक, राजनैतिक अवस्थाको अध्ययन समाज, परिवार र विभिन्न सांस्कृतिक मूल्य र मान्यताका आधारमा अध्ययन गर्ने पद्धति नारीवादी सिद्धान्त हो । पाश्चात्य साहित्य परम्पराबाट विकसित भएर विश्वसाहित्यमा यसको प्रवेशसँगसँगै यसको प्रभाव निकै बढेको छ । प्रस्तुत आलेखमा हृदयचन्द्रसिंह प्रधानको ‘एक चिहान’ उपन्यासमा पारिवारिक, सामाजिक तथा आर्थिक रूपमा शोषण गरिएका नारीहरू र उनीहरूको प्रतिरोधलाई अध्ययनको विषय बनाइएको छ । यो लेखमा मार्क्सवादी नारीवादलाई उपन्यासको विश्लेषणको मुख्य आधार बनाइएको छ । यसमा सामग्री सङ्कलनका लागि पुस्तकालयको प्रयोग गरिएको छ र सङ्कलित सामग्रीहरूलाई विश्लेषणको ढाँचा निर्माण गरी उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा श्रीमान्ले आफ्नी श्रीमतीप्रति गरेको असमान व्यवहार, एक युवती नारीलाई विभिन्न प्रलोभन तथा ललाइफकाई यौन शोषण गरेको अवस्था, पितृसत्तात्मक पुरुष मानसिकतालाई विश्लेषण गरिएको छ । यसमा नारीमाथि गरिएका तमाम अन्याय र अत्याचारका विरुद्धमा नारीहरूले प्रतिरोध गर्नुपर्ने विचारको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी :* पितृसत्ता, प्रतिरोध, प्रभुत्वशाली, उत्पीडन, सीमान्तकृत

**Abstract**

Feminist theory is the method of study about women's ecomomic, social, political status based on society, family and various cultural value and beliefs. With the development of Western literature, its influence has increased tremendously along with its entry into world literature. The article is based on Hridaychandra Singh Pradhan's *Ek Chihan* novel and its narration on women's exploitation at family, society & economic and their resistance as the subject of the study. Marxist feminism is main basis for the analysis of the novel. The library is used for the collection of materials and the novel is analyzed by creating an analysis framework from the collected materials. The novel analyzes the unequal treatment of a husband towards his wife, sexual exploitation of a young woman by enticement and lure and patriachal male mentality. The novel summarizes the perspective for the women to act against all types of injustices and oppression against them.

*Keywords*: patriarchy, defence, dominant, oppression, marginalized

## विषय प्रवेश

उपन्यासकार हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) नेपाली साहित्यका विशिष्ट व्यक्तित्व हुन् । उनले उपन्यासका अतिरिक्त कथा, नाटक, निबन्ध, समालोचना, व्याकरणजस्ता विभिन्न क्षेत्रमा कलम चलाएर बहुमुखी प्रतिभाशाली व्यक्तित्वको परिचय दिएका छन् । उनको ‘स्वास्नीमान्छे’ (२०११) र ‘एक चिहान’ (२०१७) गरी दुई उपन्यास प्रकाशित छन् । उनको ‘एक चिहान’ उपन्यास वर्गीय विषयवस्तु प्रस्तुत गरिएको उपन्यास हो । उनले यस उपन्यासमा किसानहरुमाथि गरिएको अर्थिक, सामाजिक शोषण र नेपाली समाजमा नारीले भोग्नु परेको पितृसत्तात्मक मानसिकताबाट निर्मित असमानता र शोषणलाई

प्रस्तुत गरेर नारीका प्रतिरोधलाई प्रस्तुत गरेका छन् । उनको यस उपन्यासमा वर्गीय विचारलाई प्रस्तुत गरिएको छ र वर्गीय असमानतका पक्षमा नारी समस्यालाई समेत देखाउँदै नारी प्रतिरोधलाई पनि समावेश गरिएको छ ।

'एक चिहान' उपन्यासमा एक किसान परिवारमाथि भएको शोषण, दमन र असमानता र नारी उत्पीडनलाई विषयवस्तु बनाइएको छ । यसमा नारीसँग सम्बन्धित समाजका उच्च वर्गले आफ्नो प्रभुत्व कायम गरी लतमाया, नानीथँकू, रन्जनादेवी आदिलाई आफू अनुकूल चलाउन खोजेको विषय समावेश गरिएएको छ । यस उपन्यासमा घरमा श्रीमती हुँदाहुँदै नानीथँकूप्रति आकर्षित भएर डा.गोदत्तप्रसादले विभिन्न प्रपञ्च रची यौन चाहना पूरा गर्न चाहेको छ । त्यस्तै सुरमान सुब्बाले पनि आफ्नो कामदार रामबहादुरलाई पठाएर ऋणको बोझ बोकाई नानीथँकूलाई विवाह गर्न पाएमा ऋण माफ गर्ने जस्तो कुटिल चाल चलेको छ । रन्जनादेवी आफू पढेलेखेको भए पनि घरमै आफ्नो महत्त्व नदिएको अवस्थामा छिन् । यसमा प्रयोग भएका नारी पात्रहरु पारिवारिक, सामाजिक तथा आर्थिक रुपमा गरिएको असमानताका कारण उत्पीडित भएका छन् र उनीहरुलाई आफ्नो अस्तित्वको बोध भएपछि त्यसको प्रतिरोध समेत गरेको अवस्था देखाई चेतनशील नारीहरुमा अन्याय र असमानताको विरोध गर्नुपर्ने विचार प्रस्तुत गरिएको छ ।

नारीवादी विचारको सैद्धान्तिक मान्यतालाई साहित्यमा स्थापित गर्ने कार्य बिसौं शताब्दीमा भएको पाइन्छ । नारी समस्याहरुको सन्दर्भमा पहिलेदेखि नै आवाजहरु उठाउँदै आएको भए पनि भिर्जिना उल्फ, साइमन डे बुभाजस्ता सशक्त प्रतिभाहरुको उदयपश्चात अझ बढी प्रयोगमा आएको पाइन्छ । नारीवादी सिद्धान्त उत्तर आधुनिक साहित्य समालोचनाको महत्त्वपूर्ण उपलब्धी मानिन्छ । यसले कुनै पनि कृतिमा नारीलाई कुन दृष्टिकोणबाट प्रस्तुत गरिएको भन्ने विषयको विश्लेषण गर्छ । नारीलाई व्यक्तिगत, सामाजिक, सांस्कृतिक विभिन्न मूल्यमान्यताका आधारमा कसरी उपभोग गरिरहेको छ तथा नारीलाई कसरी अधीनस्थ बनाइरहेको छ भन्ने कुराको साथै उत्पीडित नारीले पुरुषसत्ताबाट सिर्जित असमानताको प्रतिरोध गर्दै आएको अवस्थाको पनि विश्लेषण गर्छ । प्रायः समालोचकहरुले नारीका भावना नारीकै कृतिमा हुने र नारीका समस्यालाई पुरुषका कृतिमा खोजेर प्राप्त गर्न नसकिने विचार समेत प्रस्तुत गरेका छन् । तथापि यस कृतिमा पनि पितृसत्ताको उत्पीडनमा नारी भएको र उनीहरुले भोगेका समस्या सार्थ असमानताबाट मुक्तिका लागि गरिएको प्रतिरोधको विषयलाई पनि अध्ययन गर्न सकिन्छ । अत : यस आलेखमा नारीको अवस्था र प्रतिरोध कसरी प्रस्तुत गरिएको छ भन्ने विषयको विश्लेषण गरिएको छ ।

**समस्या कथन**

*'एक चिहान'* उपन्यास वर्गीय विषयलाई प्रस्तुत गरिएको प्रगतिवादी उपन्यास हो । यसमा नारीवादी विचारलाई पनि समावेश गरिएको छ । नारीवाद विश्वसाहित्यमा प्रचलित लैङ्गिक समानता र स्वतन्त्रताको पक्षमा आवाज उठाउने आन्दोलन हो । विश्व साहित्यको प्रभावमा नेपाली साहित्यमा पनि नारीवादी विचारलाई समेटिएका कृतिहरु प्राप्त गर्न सकिन्छ । यस्ता कृतिमा नारी मुक्तिको अभियान समेटिएको हुन्छ । त्यस्ता कृतिहरुमध्ये हृदयचन्द्रसिंह प्रधानको 'एक चिहान' उपन्यास पनि एक हो । यस उपन्यासमा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा नारी कसरी शोषण र उत्पीडनमा पर्छन् र तिनीहरु अन्याय र अत्याचारको विरुद्धमा कसरी असहमति प्रकट गर्छन् भन्ने कुराको खोजी गर्नु यस अध्ययनको मुख्य समस्या हो । यही समस्यामा आधारित भएर नारी शोषणप्रति प्रतिरोधको स्वर पहिल्याउने मुख्य उद्देश्य निर्धारण गरिएको छ ।

## अध्ययन विधि तथा सैद्धान्तिक पर्याधार

**अध्ययन विधि**

प्रस्तुत अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा हृदयचन्द्रसिंह प्रधानको 'एक चिहान' उपन्यासलाई छनोट गरिएको छ । नारीवादी अध्ययन साहित्य र समालोचनाको क्षेत्रको निकै महत्त्वपूर्ण अध्ययन पद्धति हो । प्रस्तुत अध्ययनमा नारीवादसँग सम्बन्धित आवश्यक पर्ने सामग्रीहरु सङ्कलन गर्न प्राथमिक तथा द्वितीय स्रोतको उपयोग गरिएको छ । यसका लागि पुस्तकालय सामग्री सङ्कलन विधिलाई प्रमुख आधार बनाई 'एक चिहान'उपन्यासलाई प्राथमिक स्रोतको सामग्रीको रूपमा उपयोग गरिएको छ भने अध्ययनसँग सम्बन्धित अन्य सामग्रीहरू र प्रज्ञिक विषयसँग सम्बद्ध विषयको जानकारीका लागि द्वितीय स्रोतका रूपमा पुस्तकालय उपयोग गरिएको छ । 'एक चिहान' उपन्यासमा नारी बिद्रोह अध्ययन गर्दा नारीवादसँग सम्बन्धित सिद्धान्तसँग सम्बद्ध रहेर लैङ्गिक दमन र उत्पीडनको अवस्था, नारी शरीरको उपयोग र नारीको प्रतिरोध शीर्षक आधारित रही तुलनात्मक तथा विश्लेषणात्मक अध्ययन गरिएको छ । नारीसँग सम्बन्धित स्थापित सिद्धान्तका आधारमा सामग्री विश्लेषणको आधार तय गरिएकाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ र अध्ययनमा उपन्यासको सन्दर्भलाई समेत उल्लेख गरिने हुनाले आगमनात्मक विधिको समेत उपयोग भएको छ ।

## सैद्धान्तिक आधार

नारीलाई पारिवारिक, सामाजिक, आर्थिक तथा राजनैतिक रुपमा समान अधिकारका पक्षपोषण नारीवादी मान्यतामा गरिन्छ। जोन.जी अली (१९९६)ले लैङ्गिक रुपमा समानता कायम गराउने र नारीहरुको अधिकारको वकालत गर्ने सैद्धान्तिक मान्यता नारीवाद हो भनेका छन् (पृ.१०८)। यस सिद्धान्तले पितृसत्ताका मूल्यमान्यताहरुको विरोध गरी नारीलाई केन्द्रमा राख्दछ। पितृसत्तामा पुरुषको सामजिक हैसियत उच्च हुनुका साथै सम्पत्तिमाथि पन मूल अधिकार रहने गर्दछ। कानुनी र राजनीतिक क्षेत्रमा पुरुषलाई बढी शक्ति र अधिकार प्रदान गरिन्छ (खनाल, २०७५, पृ. ८)। आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा निर्णायकको भूमिका पुरुषमा निहीत हुने देखिन्छ। त्यसैले पनारीहरुमा दमन, अन्याय, अत्याचार र असमानता हुने गर्दछ र जसको फलस्वरुप नारीहरुले त्यसको आफ्नो अधिकार र अस्तित्वका लागि प्रतिरोध गर्नुपर्ने हुन्छ। त्यसैले नारीवाद मूलत : पितृसत्तावादी पुरुष हैकम चिन्तन विरुद्ध केन्द्रित छ (मोइ, १९८६, पृ. २०४)। नारीवादले परम्परागत पितृसत्तात्मक मूल्यमान्यताका विरुद्धमा नारीका व्यक्तिगत र सार्वजनिक जीवनका समस्यालाई नारीकेन्द्री विचारको माध्यमबाट समाधान गर्ने बाटोको खोजी गर्दछ। यसले नारीको स्वतन्त्रता, स्वधीनता, अस्तित्वका पक्षहरुलाई प्राथमिकता दिई नारीलाई मुक्ति दिन, उनीहरुलाई माथि उठाई आत्मनिर्भर बन्न सहयोग गर्दछ। गोविन्दराज भट्टराई (२०६१)को विचारमा नारीवादी समालोचकको प्रारम्भिक प्रयत्न नै साहित्यको शास्त्रसम्मत 'भाले' इतिहास परम्परालाई उल्टाउनु, धर्म सूत्रात्मक लैङ्गिक रुढिबद्धतालाई नङ्ग्याउनु थियो (पृ.७१)।

नारीवादी मान्यता अठारौँ शताब्दीको उत्तरार्धबाट सुरु भएर अहिलेको अवस्थासम्म आइपुग्दा अत्यन्त सशक्त बन्दै गइरहेको छ। यसले प्रारम्भमा नारीलाई समानताको अधिकार प्रदान गर्नुपर्छ भन्ने मान्यता राखेर शिक्षा र राजनीतिक अधिकारबाट नारीलाई वञ्चित गराउने पक्षको विरोध गरेको थियो। त्यसपछि राज्यका सबै अङ्गहरुमा समान अवसरको खोजी गर्दै पुरुषविरोधी अतिवादी विचारहरु समेत देखापरे। नारीका समस्याहरु सबै ठाउँमा एकै नहुने हुँदा उनीहरुलाई फरक परिवेश, परिस्थिती अनुसारको सम्बोधन हुनुपर्ने विचारहरुले पनि स्थान पाउन थाले। यो विकसित हुँदै समान हैसियत र आर्थिक पक्षमा केन्द्रित भएर अगाडि बढ्यो। यस नारीवादी आन्दोलनलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छ :

### *उदार नारीवाद*

नारीवादी चेतना प्रारम्भ भएको समयदेखि सन् १९६० को समयसम्मका नारीवादी विचारलाई उदार नारीवाद भनिएको छ। उदार नारीवाद नारीका पक्षमा विचार प्रस्तुत गरिएको पहिलो धार हो। यसलाई फ्रान्सेली क्रान्तिसँग जोडेर हेरिन्छ। यसले समाजमा नारी र पुरुषमा समानता हुनुपर्ने विचारलाई केन्द्रमा राख्छ। यो मान्यताको सुरुवात वल्स्टन क्राफ्टको *भिन्डिकेसन अफ द राइट्स आफ उमन* नामक कृतिको प्रकाशन भएको समय सन् १९९२ बाट सुरुवात भएको मानिन्छ (खनाल, २०७१, पृ.७९)। यस मान्यताले सामाजिक संरचनामा नारीहरु असमान अवस्थामा रहेका छन् र उनीहरुलाई पुरुषसरह शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक कानुनी तथा वैधानिक अधिकार प्रदान गरिएको छैन। त्यसैले उनीहरु सीमान्तीकृत रहेका छन् र उनीहरुलाई समानताको स्तरमा पुऱ्याउन पर्छ भन्ने मान्यता उदार नारीवादले राख्छ। समिरा लुइटेल (सन् २००८)ले सामाजिक संथागत संरचनाभन्दा पनि यौनिक विभेद र मनोवृत्ति बढी विभेदकारी रहेकाले त्यसले लैङ्गिकतालाई जटिल बनाएको धारण उदार नारीवादले सार्वजनिक गरेको बताएकी छन् (पृ.९१)। यसबाट पनि उदारनारीवादमा लैङ्गिक विभेद हट्नुपर्ने धारण प्रमुख रहेको प्रस्ट हुन्छ। समग्रमा उदार नारीवाद नारी र पुरुषमा समानता हुनुपर्छ भन्ने धारणा केन्द्रमा रहेको हुन्छ। यसले महिलाहरु पुरुषभन्दा भिन्न छैनन् तापनि उनीहरुलाई लिङ्गले प्रतिस्पर्धामा र योग्यताको मापनमा बाधा पुऱ्याइरहेको छ। त्यसैले महिलालाई उचित सामाजिक हैसियत प्राप्त गराउनका लागि राज्यले नै हस्तक्षेपकारी नीति अँगाल्नुपर्छ (त्रिपाठी, २०७६, पृ.२१६) भनेर उदारनारीवादले राज्य पक्षको सहयोगको अपेक्षा गरेको देखिन्छ। उदारनारीवादीहरु व्यक्तिका अधिकार र स्वतन्त्रतालाई प्रमुख मानेर सामाजिक संरचनाको वर्तमान अवस्थामा नै परिवर्तन र सुधारको अपेक्षा गर्छन्।

### *मार्क्सवादी नारीवाद*

मार्क्सवादी नारीवादले समाजमा भएका विभिन्न वर्गहरुमध्ये एउटै वर्गभित्र पनि नारीहरुको सम्पत्ति, शक्ति र अन्य स्रोतमाथि कम पहुँच छ (पौडेल, २०५९, पृ.७७) भन्ने विचारलाई आत्मसाथ गर्छ। मार्क्सवादी विचारधारमा आधारित रही नारीमा हुने आर्थिक, सामाजिक तथा वर्गीय विभेदको विरुद्धमा आवाज उठाउने मान्यता मार्क्सवादी नारीवाद हो। यसको प्रारम्भ पाश्चात्य साहित्यमा सन् १९६० र १९७०को दशकमा बेलायतबाट भएको हो। पछि सन् १८८४ को फ्रेडरिक एङ्गेल्सको *ओरिजन अफ द फेमली, प्राइभेट प्रपर्टी एन्ड द स्टेट*बाट यसको विस्तार भएको मानिन्छ। यस धारले नारीलाई विभेद गरिने मूल कारणका रुपमा आर्थिक व्यवस्थालाई ठान्छ। समाजमा परिवर्तन गर्नको लागि आर्थिक रुपमा पनि नारी सबल

हुनुपर्छ । नारीहरु समाजमा दोहोरो शोषणमा परेका हुन्छन् तथापि मार्क्सवादले नारीका दोहोरो शोषणको विषयमा धारणा प्रस्तत् नगरे पनि समाज परिवर्तनको दर्शनमा आर्थिक पक्षलाई महत्त्वका साथ हेरेको छ । मार्क्सवादले समाजमा पुँजीपति र सर्वहारा वर्ग रहने पुँजीपति वर्गले आर्थिक विभेद गर्ने बताउँछ । यही आर्थिक विभेदले नै लैङ्गिक विभेद उत्पन्न गराउने र वर्गीय विभेदको अन्त्य भएमा मात्र लैङ्गिक विभेद पनि अन्य हुने ठान्छ । पुरुषको तुलनामा महिलाहरुलाई उत्पादनका साधन, ज्याला तथा अन्य आर्थिक क्रियाकलापबाट वञ्चित गरिने हुँदा वर्गीय मुक्ति र सामाजिक मुक्तिका माध्यमबाट यस्तो विभेद र शोषणलाई हटाउन सकिने मान्यता मार्क्सवादी नारीवादको छ (भट्टराई, २०७६, पृ.२६५) । यसको अर्थ महिलालाई आर्थिक रुपमा पुरुषसरह सक्षम र आत्मनिर्भर बनाएको खण्डमा लैङ्गिक विभेद तथा नारी उत्पीडनको अन्य हुने दृष्टिकोण मार्क्सवादी नारीवादको रहेको छ ।

सामाजिक संरचनामा पितृसत्तात्मक आर्थिक विभेदका कारण महिला दमन र शोषणमा परेका छन् । पिल्चर एन्ड ह्वेलहेन (सन् २००४)ले उत्पादन र वितरणका माध्यमलाई वर्गमा आधारित आन्दोलनले व्यवस्थित गर्न सके मात्र लैङ्गिक दमन र शोषणको अत्य हुन सक्छ (पृ.७५) भन्ने धारणा राखेका छन् । यसले पूँजीवादी अर्थव्यवस्थामा महिलाहरु पुरुषको अधीनमा हुनुपर्ने कारण आर्थिक पक्ष हो । सम्पत्ति तथा वस्तुमाथि पुरुषको एकाधिकार भएको हुनाले लैङ्गिक असमानता हुने औल्याइएको छ । त्यसैले पुँजीवादी व्यवस्थामा कायम भएको पितृसत्तात्मक आर्थिक संरचनामा परिवर्तन गरेर असमानता हटाउन सकिने मान्यता मार्क्सवादी नारीवादको रहेको छ । पुँजीवादी आर्थिक संरचनामा नारीलाई आर्थिक शोषण गरी उपभोग्य साधनको रुपमा प्रयोग गरेको र यस किसिमको शोषण तथा दमनको अत्य हुनुपर्ने धारणा मार्क्सवादी नारीवादले प्रस्तुत गरेको छ । यसरी पुँजीवादी आर्थिक संरचनाका कारण लैङ्गिक शोषण, दमन, असमानता भएको र नारीलाई सम्पत्तिको अधिकारबाट वञ्चित बनाएको हुँदा नारी अधीनस्थ बन्नु परेको छ । तसर्थ यस किसिमको विभेद पुँजीवादी आर्थिक संरचनामा हुने भएकाले त्यसको अन्त्य हुनुपर्ने धारणा मार्क्सवादी नारीवादमा रहेको देखिन्छ ।

### *आमूल नारीवाद*

आमूल नारीवाद नारीवादी आन्दोलनमा देखिएको दास्रो धार मानिएको छ । यसको सुरुवात सन् १९६० को दशकमा भएको र सन् १९६८ मा भएको अमेरिकी सुन्दरी प्रतियोगीताको विरोध गरी नारी स्वतन्त्रताको पक्षमा आवाज उठाएपछि यस मान्यताको विस्तार भएको हो । यसले समाजमा विद्यमान नारी उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ (त्रिपाठी, २०७६, पृ. २१७) । नारी घरभित्रै असमानतामा परेकी छे र नारीपुरुष बीचको विवाह नारीमा हुने दमन, शोषण, अन्यायको मूल कारण भएको हुनाले नारीले नारीसँग विवाह पनि गर्न सक्ने विचारको पक्षमा यसले वकालत गर्छ । यस धारमा पाश्चात्य बाम आन्दोलन, विद्यार्थी आन्दोलन, भियतनामी युद्ध विरोधी आन्दोलन, लेज्बियन र गे आन्दोलन, नागरिक आन्दोलन तथा काला शक्तिको आन्दोलन आदि विभिन्न आन्दोलनहरुको महत्त्वपूर्ण योगदान रहेको छ (खनाल, २०७१, पृ.८२) । यसले पितृसत्तालाई आफ्नो प्रमुख शत्रु ठानेर पितृसत्तात्मक सोचमा परिवर्तनको आवश्यकता रहेको तर्क समेत गरेको छ । यस धारको विकासको चरमा अवस्थामा आइपुग्दा यो धार पुरुष निषेधी धारको रुपमा पनि चिनिन थाल्यो । नारीको शरीरमा नारीकै अधिकार हुनुपर्छ भन्ने धारणाबाट यो अगाडि बढ्दै गयो । यसले नारी जहाँ भए पनि सबै जाति, वर्ण र वर्गका नारीहरुले उत्पीडन सहनु नपर्ने विश्वको निर्माण गर्नुपर्ने धारणा राखेको छ ।

### *समाजवादी नारीवाद*

समाजवादी नारीवादको उदय मार्क्सवादी नारीवाद र आमूल नारीवादका बीचमा भएको सामाजिक कारणमाथिको आधारभूत बहसबाट भएको देखिन्छ (बिस्ले, सन् १९९९, पृ.६२) । यो दुई मान्यताहरुको मिश्रण हुनुको साथै यसमा मनोविश्लेषणात्मक नारीवादको प्रभाव समेत परको मानिन्छ । यस मान्यताले आर्थिक, सामाजिक, राजनीतिक, यौनिकरुपमा नारीका दमन, उत्पीडन र अधीनस्थतालाई प्रस्तुत गरी लैङ्गिक सन्तुलनको अपेक्षा गर्छ । यसले आर्थिक संरचना र पितृसत्ता मात्रै नारीमा भएका शोषण, दमन तथा असमानताको प्रमुख कारण होइनन् । नारीमा हुने विभेद, दमन, शोषण र असमानताका विभिन्न कारणहरु हुन्छन् । नारी पुरुषबाट मात्र उत्पीडित नभएर नारीबाटै पनि शोषित हुन पुग्छन् भन्ने मान्यता यस धारको रहेको छ । यस धारले घरपरिवार, संस्कृति, धर्म, जाति, वर्ग, पेशा, यौतिकता, अर्थ आदिजस्ता पक्षरुको विश्लेषण गरेर सामाजिक सन्दर्भमा नारी र पुरुषको सहकार्यबाट लैङ्गिक विभेदको अन्य हुने धारणा अगाडि सारेको छ ।

***समकालीन नारीवाद***

समकालीन नारीवादलाई नारीवादी आन्दोलनको तेस्रो धारको रुपमा परिचित छ । यो बौद्धिक र यथार्थमा आधारित मान्यता हो । यसको सुरुवात सन् १९८० को दशकमा भएको मानिन्छ । यसले नारीमा हुने विभेद, नारी आन्दोलनको सफलता, तेस्रो विश्वका महिलनाको अनुभव, विश्वव्यापीकरणको अवस्था र त्यसको प्रभाव समेतलाई प्राथमिकताका साथ हेर्छ । यसले विभिन्न मुलुकमा रहेका विविध क्षेत्रका महिलाहरुको अवस्था, मूमिका, जीवनशैली र संवेदनाका पक्षलाई विश्वव्यापी रुपमा छलफलका विषय बनाइने काम यस वादले गर्दछ (लुइटेल, सन् २००८, पृं. १०४) । यसर्थ यसले विश्वमा नवस्थापित मनोविश्लेषणत्मक नारीवाद, उत्तरसंरचनावादी नारीवाद, उत्तरआधुनिक नारीवादजस्ता विचारहरुलाई आत्मसाथ गरेर साहित्य समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेको छ ।

यसरी साहित्यमा नारीवादी समालोचना नारी तथा महिलाका विषयलाई केन्द्रमा राखेर साहित्यसँग सम्बन्धित विषयमा गरिने आलोचना हो । प्रारम्भमा नारी र पुरुष समान हुनुपर्छ भन्ने मान्यता बोकेर सामाजिक र राजनीतिक आन्दोलनका रुपमा देखा परेको नारीवादी मान्यता पछि कला, साहित्य र समालोचनाको क्षेत्रमा विद्रोहको स्वरमा र विविधतामा देखा परेको छ । प्रस्तुत अध्ययनमा हृदयचन्द्रसिंह प्रधानको *एकचिहान* उपन्यास चयन गरिएको छ र नारीवादी मान्यताकै आधारमा नारी विद्रोहलाई मुख्य सैद्धान्तिक आधार बनाइएको छ ।

## उपन्यासको विश्लेषण

### उपन्यासको विषयवस्तु

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानद्वारा लेखिएको ‘एकचिहान’ उपन्यास वि.सं. २०११ सालको सामाजिक परिवेशलाई लिइएको छ । काठमाडौँको ज्यापू परिवारले भोग्नु परेको वर्गीय, सामाजिक र लैङ्गिक विभेदको विषयबस्तु यसको मुख्य आधार रहेको देखिन्छ । तत्कालीन समाजमा निम्नवर्गीय किसान परिवारले शोषकको पञ्जामा परेर बिताएको दयनीय अवस्था उपन्यासमा समेटिएको छ । समाजमा धार्मिक, परम्परागत मूल्य र मान्यता तथा सामाजिक कुरीतिहरूको बिगबिगी रहेको देखिन्छ । साहू र अन्य शोषकहरूले गरिब किसानलाई थिचोमिचो गर्ने र हैकम चलाउन पल्केको विषयलाई डा.गोदत्तप्रसाद, सुरमान सुब्बा र रामबहादुरको चरित्र र व्यवहारबाट देखाइएको छ भने अष्टनारान, लतमाया, शिवनारान, हाकुमाया, पुर्ननारान, हर्षनारान, पुतली, नानीथँकु जस्ता पात्रको माध्यमबाट गास, बास र कपासका लागि कष्टकर जीवन बिताउन बाध्य साथै ऋणको पासोमा परी अन्याय अत्याचार सहन समेत बाध्य भएको अवस्था देखाइएको छ । उच्चवर्ग तथा पितृसत्ताको प्रतिनिधित्व गर्ने डा. गोदत्तप्रसाद घरमा श्रीमती, छोराछोरी हुँदाहुँदै पनि नानीथँकुको रूप र यौवनबाट प्रभावित भई उनलाई फसाउन खोजेको छ ।

त्यस्तै ५७ वर्षको उमेर भए पनि आफ्नो कामदार रामबहादुरलाई लगाएर सुरमान सुब्बाले धार्मिक अन्धविश्वास र परम्पराको आडसमेत लिएर नानीथकूँलाई फसाउने प्रयास गरेको छ । त्यतिमात्र नभई उसले नानीथकूँलाई हत्याउने प्रपञ्च गरी ऋण दिएर तिर्न नसक्ने अवस्था बनाउने विचार गरेको छ । रामबहादुरले नानीथकूँकी आमालाई मरिसकेको अष्टनारानको बचन दिइसकेको भन्दै सुरमान सुब्बालाई नानीथँकु बिहे गरिदिन र नानीथँकु सुब्बेनी हुने साथै ऋण सबै माफ हुने सन्देश सुनाएर १७ वर्षकी नानीथकूँलाई बुढो सुरमानसँग विवाह गरिदिने षड्यन्त्र गरेको छ । यहाँ ऋणको बोझ बोकाइएको र ब्याज चर्को लगाएर सन्तान दरसन्तानलाई फसाउने षड्यन्त्रको जालोमा किसान परिवारलाई पारेको विषय मार्मिक रूपमा आएको छ । आर्थिक अवस्था दयनीय भएका किसानहरूमाथि गरिएको दमन, शोषण, अभद्र व्यवहारले सीमा नाघेको अवस्थामा शिवनारान र उसको परिवारैबाट प्रतिकार गरिएको देखाइएको छ । त्यस्तै नारीका उत्पीडनलाई समेत प्रस्तुत गरी यहाँ नारीले पितृसत्ताको आडमा सधैं अत्याचार सहेर बस्नु हुँदैन मुक्तिको लागि विद्रोह पनि गर्नुपर्दछ भन्ने विषय प्रस्तुत गर्न उपन्यास सफल रहेको छ । उपन्यासको कथानक ज्यापू परिवारको विषयमा केन्द्रित भएर अगाडि बढदै जाँदा उपन्यासको अन्त्यमा ज्यापू परिवार २०११ सालको बाढीमा सबै एकचिहान भएको अर्थात मृत्युको मुखमा पुगेको देखाएर गरिब किसानको यथार्थ जीवनलाई झल्काउने प्रयास गरिएको छ भने अर्को तर्फ रञ्जनादेवी, नानीथकूँ र हाकुमायासँग सम्बन्धित विषयहरुले नारी स्वतन्त्रताको लागि प्रतिरोध गर्नुपर्ने विचार व्यक्त गरेको यस उपन्यासलाई नारीवादी दृष्टिकोणबाट अध्ययन गर्न सकिने देखिन्छ ।

### लैङ्गिक दमन र उत्पीडनको अवस्था

‘एकचिहान’ उपन्यासमा प्रभुत्वशाली वर्गले नारीमा गरिएको अन्याय, अत्याचार र नारीलाई अधीनस्थ बनाएको अवस्थाको प्रस्तुति रहेको छ । यसमा प्रस्तुत गरिएका किसान नारी पात्र लतमाया, हाकुमाया, नानीथकूँ र उच्च वर्गकै डाक्टरकी

श्रीमति रञ्जनादेवी पितृसत्तात्मक विचारधाराबाट दमित पात्र हुन् । उनीहरूमाथि भएको हिंसा, अन्याय, असमानता, विभेद, अनैतिक व्यवहार, कपटपूर्ण व्यवहार, धोका आदि पितृसत्ता र सामाजिक मूल्यमान्यताकै उपज हो (वाग्ले, २०७७, पृ. १३३) । यसले गर्दा उपन्यासमा लैङ्गिक दमन र उत्पीडनको कुरूप दृष्य देख्न सकिन्छ । यस उपन्यासका नारी पात्र लतमाया, रञ्जनादेवी, नानीथकूँ र हाकुमायको अवस्था तथा उनीहरुको गरेको सङ्घर्षबाट नारीले कसरी समाजमा असमानतालाई खेप्नु परेको छ र दमन शोषणमा पर्नु बाध्य भएका छन् भन्ने कुरा प्रस्ट हुन्छ ।

यस उपन्यासमा प्रस्तुत किसान परिवारका मुली अष्टनारानको मृत्युपश्चात पनि लतमायाले घरमुलीको स्थान ग्रहण गरेकी छैनन् । उनले परम्मरागत सामन्ती पितृसत्तात्मक विचारधारालाई आत्मसाथ गरेर पुरुषकै कुरालाई विश्वास गर्नुपर्ने अवस्था देखाइएको छ । उनी एकातिर डा.गोदत्तसँग रुखो व्यवहार गर्न सक्दिनन् भने अर्कोतर्फ आफ्नै छोरीलाई हत्याउन प्रयासरत सुरमान सुब्बाको कुरालाई पनि लत्याउन सक्दिनन् । आफूमाथि परेको अन्यायको ज्ञान नहुनु र आफू आर्थिक अवस्थाले निकै निम्न रहेकै कारणले नारी कमजोर भएर पुरुषका असमान व्यवहार सहन बाध्य भएको अवस्था हो । उनी प्रभुत्वशाली वर्गको दमनमा परेको अवस्था देखिन्छ । उनी प्रभुत्वशाली वर्ग तथा उच्च वर्गको डाक्टर पटकपटक घरमा आएर नानीथकूँसँग ख्यालठट्टा गरेको थाहा पाउँदा पनि डाक्टरलाई गाली गरेर नधपाई उनले “भइगो डाक्टर साहेब ! बेकारमा तपाईं यसरी हामीकहाँ आइ रहनु भयो भने हामीलाई पाप लाग्छ, किनभने तपाईं बिरामीहरुका देवता हुनाले एक छिन पनि तपाईंले यसरी बेकारमा समय बर्बाद गर्न हुँदैन्” (पृ.५२) आदरपूर्वक भनेकी छिन् । यसले लतमाया उपल्लो वर्गको दमनलाई सहेर बस्न बाध्य भएको अवस्था हो । त्यस्तै सुरमान सुब्बाको काम गर्ने मान्छे रामबहादुरले पनि लतमायालाई नारी भएको र आर्थिक अवस्थाले कमजोर भएका कारण ऋणको भारी बोकाई नानीथकूँको विवाह सुरमानसँग गराइदिने योजना गरेको छ । रामबहादुरले भनेका कुरालाई लतमायाले सुन्न बाध्य भएको अवस्था देखिन्छ । उसले मरेका श्रीमान् अष्टनारानले नानीथकूँ सुब्बालाई दिने बाचा गरेको झुटो कुरा गरेर जालोमा पार्ने समेत प्रयास गरेको छ । उसले नानीथकूँलाई विवाह गरिदिएपछि सुब्बाले उनले पकाएको भात समेत खाइदिने कुरा समेत गरेर फकाएको छ । यस सन्दर्भलाई उपन्यासको निम्न अंशबाट हेर्न सकिन्छ :

> “यसको फिक्री तिमीलाई किन ? सुब्बा साहेबको भन्दा तिम्रो जात ठूलो भए न तिम्रो निम्ति अफठ्यारो कुरा हो । त्यसै लगेर भित्रिनी मात्र गरी राख्ने भए पनि चित्त नबुझ्दो कुरा हुने थियो । तर भात समेत खाइदिने कबुल गर्नु हुन्छ भने तिम्रो र तिमीहरूका निम्ति अहोभाग्यको कुरा हो । ” (पृ. ४६)

माथिको संवाद रामबहादुरले लतमायालाई भनेको हो । उसले सुरमान सुब्बाका लागि नानीथकूँ विवाह गरिदिन तान दिएर ऋणको भारी बोकाउने कार्यमा सफल भएको छ र तर ऋणमात्रले आफू सफल नहुने विचार गरी उसले सामाजिक संस्कारको कुरा लतमायासँग गरी नानीथकूँको हातबाट सुब्बाले भात समेत खाइदिने कुरा तल्लो वर्गका लागि भाग्यको कुरा हो भन्दै फकाएको छ । उनले आफ्नो छोराले भनेको “डा.गोदत्तप्रसाद झैँ सुब्बा सुरमान पनि अगाडि असल मानिस थिएनन्” (पृ. ४२) भन्ने कुरालाई पनि पूर्णरुपमा स्वीकार गर्न सकेकी छैनन् । एकातिर ऋण, अर्कोतिर मरेका श्रीमान्ले दिएको वचनको कुरा साथै रामबहादुरको दुष्ट चालमा लतमायाले विश्वास गर्न थालेको अवस्था रहेको छ । त्यति मात्र नभएर सुरमानसँग विवाहको कुरा आएको आफ्ना छोराहरुसँग “उही सुरमान सुब्बाको कुरा । नानीथकूँका निम्ति सुरमान सुब्बाले ज्यान जापि रहेका छन् रे ! उनैलाई दिए के होला ? मैले हेर्दा पनि नानीथकूँ भाग्यमानी होली” (पृ. ८६) भनेर असमान विवाहको पक्षलाई अन्जानमै स्वीकार गरेको देखिन्छ । यो अवस्था उच्च वर्गले नारीलाई दमान गरी उत्पीडनमा पार्ने बाटोको परिचय हो ।

यस उपन्यासमा पुरुषको दमन र उत्पीडनलाई सहन बाध्य भएकी नारी रञ्जनादेबी हुन् । उनी शिक्षित, निडर, वाकपटुता भएकी नारी भए पनि डा. गोदत्तप्रसादको व्यवहारलाई सहेकी छिन् । उनले उच्च कुलीन वर्गकी नारी भए पनि सामाजिक संस्कार र पितृसत्तात्मक सामाजिक व्यवस्थाका कारण पुरुषको उत्पीडनलाई सहन बाध्य भएकी छिन । डा. गोदत्तप्रसादका सबै कुरा थाहा भए पनि उनी त्यसको कडा प्रतिरोध गरी डाक्टरलाई त्याग्न सकेकी छैनन् बरु उसलाई सम्झाएकी छिन् । उनी घरमा भात पकाउने नारीका रुपमा काम गरेकी छिन् । सामाजिक संस्कारमा नारीले घरधन्दा गर्नुपर्ने, सहनशील हुनुपर्ने जस्ता मूल्यमान्यताको निर्माण गरी नारीलाई अधीनस्थ गर्ने गरेको हुँदा यहाँ उपन्यासमा देखिएकी पात्रले पनि त्यही सामाजिक मूल्य र मान्यतालाई स्वीकार गरी उत्पीडनलाई सहेको देखिन्छ । रञ्जनादेवी आफू घरधन्दा गर्छिन् भने बिरामी डाक्टर जाँच गर्ने ठाउँमा गएर केटीहरुसँग जिस्कने गर्छ । यस्तो व्यवहार थाहा पाएर रञ्जना चियो गर्छिन् । आफूलाई निगरानी गर्न आएको थाहा पाएपछिको संवादको निम्न अंशले सामजिक व्यवस्थाको अवस्थालाई प्रस्ट पार्छ :

> “किन रञ्जना भात पाकिसक्यो कि ? ”(पृ. ६३)
> “तिमी जस्ती पढेलेखेकी स्वास्नी मान्छेले पनि अझ चेवाचर्चा गर्ने निर्घानी काम गर्न सुहाउँछ ? चेवाचर्चा गर्ने बानी छउन्जेल जतिसुकै विद्याका उन्नति गरे पनि हामीले सुख शान्ति पाउन सक्तैनौँ रञ्जना ! यस कुराको तिमीले खुब विचार गर ।” ( पृ. ६६)

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
****************************************

माथिको पहिलो साक्ष्यले रञ्जनादेवी पितृसत्तात्मक सामाजिक संस्कारको अधीनमा रही घरमा भात पकाउने काम गरेको देखिन्छ । उनले नानीथकूँसँग बसेर डा.गोदत्तप्रसाले घण्टौ गफ गर्दा पनि त्यसको तत्काल विरोध नगर्नु सामाजिक संस्कार र मान्यताको बन्धनमा रहेको अवस्था हो । यस्ता सामाजिक संस्कारगत मूल्यमान्यताहरुको आडमा पुरुषले नारीलाई अधीनमा राख्छ । आर्थिका रुपमा पनि नारीलाई अधिकार प्रदान गरिदैन र नारीले पुरुषको भरमा परेको अनुभूति सधैं गर्नुपर्ने अवस्था रहन्छ । त्यसैगरी दोस्रो साक्ष्यले नारीले पुरुषको कुरा स्वीकार गर्नुपर्ने, घरको शान्तिका लागि नारीले मात्र सहनुपर्ने जस्ता पितृसत्तात्मक प्रभुत्वको विचार प्रस्तुत भएको छ । उपन्यासमा डा. गोदत्तप्रसादका विभिन्न बदमासीहरुलाई रञ्जनादेवीले सहनु उनी आफू दमन र उत्पीडनमा पर्नु हो । यस आधारमा पुरुषले आफूले गल्ती गर्दा पनि चोखो हुने र नारीलाई जति दमन र उत्पीडनमा पार्न पनि छुट हुने अवस्था सामाजिक व्यवस्थामा रहेको देखिन्छ । यसबाट पनि रञ्जनादेवी जस्ता उच्च वर्गका पढेलेखेका व्यक्तिहरु पनि पुरुषको दमन र उत्पीडनलाई सहन बाध्य भएका छन् भन्ने प्रस्ट हुन्छ ।

त्यस्तै नानीथकूँ यस उपन्यासमा प्रस्तुत भएकी अर्की नारी पात्र हुन् । उनी वर्गीय रुपमा निम्न वर्गीय किसान परिवारमा जन्मिएकी अष्टनारान र लतमायाकी छोरी, शिवनारान, पुननारान र हर्षनारनकी बहिनी हुन् । उनी सत्र वर्षमा लागेकी र यौवनले भरिपूर्ण भएकी हुनाले डा.गोदत्त र सुरमान सुब्बाले उनलाई हत्याउन लागि परेका छन् । उनले चलाख, यौन पिपासु डा. गोदत्तको प्रमलाई पवित्र ठान्छिन् । डा.गोदत्तको परिवारमा छोराछोरी, श्रीमति भएपनि नानीथकूँलाई फसाउन ऊ पटकपटक घरमा समेत आएको छ र उनलाई वास्तविक प्रेम हो भनेर एकोहोरो समेत पारेको छ । नानीथकूँ गरिब भएकै कारणले डा.गोदत्तले घर, सुख, खाने लाउने व्यवस्थाजस्ता विभिन्न प्रलोभनमा पारी ललाइफकाई बलत्कार समेत गरेको छ ( उपन्यासको पहिलो संस्करण अनुसार) । उनी नारीत्वको ज्ञान भइसकेको अवस्थामा पनि वास्तविक प्रेम नै हो कि भन्ने ठान्छिन् । उपन्यासमा नानीथकूँले “मैले प्रेम नगरीकन पाप गरि रहिछु, यस कारण तपाईँलाई चाहेर पनि मैले छोड्ने बल गरि रहेकी छु, यस्तै तपाईंले पनि मलाई छोड्न बल गर्नु होला, यद्यपि तपाईं मलाई ज्यादै चाहनु हुन्छ” (पृ. ७६) भनेर डा.गोदत्तप्रसादलाई अझै पूर्णरुपमा अस्वीकार नगरेको अवस्था देखिन्छ ।

नानीथकूँ गरिब परिवारमा जन्मेकी र आर्थिक अवस्था नाजुक भएकै कारणले डा.गोदत्तसँग नजिक हुँदै जानु परेको छ । डा.गोदत्तले आफ्ना बाबु अष्टनारान मर्दा सहयोग गरेको छ । यो सहयोगको भारीमा नानीथकूँलाई डाक्टरले फसाउँदै लगेको छ । यदि उनी आर्थिक अवस्थाका दृष्टिले सम्पन्न भएको भए डाक्टरले कुदृष्टि लगाउन समेत पाउने थिएन । उनलाई डाक्टरले सुख, सुविधाको लालच दिएर शोषण गरेको छ र यो कुराको विस्तारै ज्ञान हुँदै पनि आएको छ तर पनि उनी डाक्टरलाई नराम्रो दृष्टिकोणबाट सकेकी छैनन् । यसो हुनुको कारण समाजमा विद्यामान रहेको अर्थिक असमानता र सामाजिक संस्कारगत मूल्यमान्यता भएको देखिन्छ । त्यसैले प्रस्तुत उपन्यासमा नानीथकूँ पनि डा.गादत्तप्रसादको दमनमा परेकी छिन् । यो नारीलाई अधीनस्थ गरी उत्पीडनमा पारेको अवस्था पनि हो ।

त्यस्तै सुरमान सुब्बाले पनि नानीथकूँलाई हत्याउने प्रयास गरेको छ । उनी तथा उनको परिवार आर्थिक रुपमा सबल नहुनु नै सुरमान जस्ता सन्ताउन्न वर्षका व्यक्तिले सत्र वर्षकी नानीथकूँलाई हातपार्ने जालझेल गर्ने मौका पाउने अवस्था निर्माण हुनु हो । नानीथकूँकी आमालाई सुरमानसुब्बासँग विवाह भएपछि नानीथकूँ सुखमा हुनेछे भन्ने लागेको छ । रामबहादुरले नानीथकूँको विवाहको कुरा लतमायासँग गर्दा उसले सुनेकी छे र तलमायाले “कत्ति नलजाईकन आफ्नो बिहेको कुरा सुन्न आउन सकेकी नि नकच्चरी ! लौ, पाथीभात खाएर मनभरि सुत्न सक् अब” (पृ. ४९) भनेकी छिन् । यसबाट नानीथकूँ र उनको परिवारको आर्थिक अवस्था नाजुक भएको सङ्केत प्राप्त हुन्छ । नानीथकूँ पनि आफूलाई सुख नै हुने ठान्न विवश भएकी छे । त्यसैले यही नाजुक आर्थिक अवस्थाको फाइदा उठाएर उच्च वर्गका व्यक्तिले आँखा गाडेको र नानीथकूँलाई सामन्ती शोषक वर्ग र पितृसत्तात्मक विचारधाराका माध्यमबाट उत्पीडनमा पार्ने प्रयास गरेको उपन्यासमा देखिन्छ ।

त्यसै गरी आर्थिक अवस्था दयनीय भएकै कारणले हाकुमाया आफ्नो लोग्ने शिवनारानसँग रातभरि जागाराम भएर खेतको रेखदेख गर्न बाध्य छे साथै उसले पुरुषकै आज्ञाअनुसार काम गर्नु परेको र रामबहादुरको असमान व्यवहारलाई पनि धेरै पटक सहेकी छे । समग्रमा यस उपन्यासमा शोषक सामन्तीवर्गले पितृसत्ताको आडमा नारीलाई असमान, कपटपूर्ण र अनैतिक व्यवहार गरी उत्पीडनमा परेका छन् । त्यसैले यस उपन्यासमा लैङ्गिक दमन र उत्पीडन रहेको प्रस्ट हुन्छ ।

**नारी शरीरको उपयोग**

पितृसत्तात्मक सामाजिक संरचनामा नारीको शरीको उपयोग पुरुषका हित र मनोरञ्जनका लागि प्रयोग गरिन्छ । आर्थिक रुपमा निम्न रहेका नारीले आफ्नो शरीरलाई आफ्नो अनुकूल प्रयोग गर्न पाउने अवस्था हुँदैन । उनीहरुको रुप, सौन्दर्य सबै पुरुषले उपभोग गर्न पाउने र उनीहरुकै अनुसारका कार्यहरुमा प्रयोगमा ल्याउने पर्ने हुन्छ । त्यति मात्र होइन उच्च कुलीन वर्गका नारीहरुले पनि आफ्नो शरीरलाई आफूअनुकूल प्रयोग गर्न नपाउने अवस्था रहेको छ । यस उपन्यासमा प्रस्तुत भएकी पात्र रञ्जनादेवी उच्च कुलीन वर्गकी भएपनि नानीथकूँसँग जिस्किएको थाहा पाएर बिरामी हेर्ने ठाउँमा एक्कासी रञ्जना

आइपुग्दा डा.गोदत्तले "किन रञ्जना ! भात पाकि सक्यो की ?" (पृ.६३) सोधेका छन् । यो पुरुष मानसिकता हो र नारीलाई घरधन्दामा सिमित राखेर नारीको शरीरलाई उपभोग गरिएको अवस्था हो ।

त्यस्तै पुरुषले नारीको शरीरको उपभोग पितृसत्ताको आडमा आफ्नो अनुकूल गर्न चाहान्छ । उपन्यासको पात्र डा.गोदत्तको घरमा छोराछोरी, श्रीमती भएपनि नानीथकूँको भरभराउँदो यौवन देखेर ऊ लोभिएको छ । उसले नानीथकूँको एक पटक दर्शन पाएपछि नानीथकूँकै रुप, यौवन सम्झिरहन्छ र अस्पताल गएमा पनि काममा ध्यान दिँदैन । उपन्यासमा नानीथकूँलाई भोग गर्ने विलास जागेको कुरालाई निम्न रुपमा प्रस्तुत गरिएको छ :

*"अस्पतालमा विशेष ध्यान दिनु पर्ने कामकाज गर्दागर्दै पनि गोदत्तप्रसादका आँखा अगाडि नानीथकूँको अनुहार नाचि रहेको थियो र भरेको सपनादेखि रहेका थिए । काम गर्दा गर्दै बिच बिचमा उनी आफ्नो नाडीघडी बराबर हेरि रहन्थे । एघारदेखि पाँच बजेसम्ममा उनले एक हजार चोटि त घडी हेरे होलान्" । (पृ. १०)*

डा.गोदत्तले नानीथकूँको शरीरलाई विभिन्न किसिमको प्रपञ्च रचेर आफ्नो बनाई उपभोग गर्न चाहेको छ । यस्तो कुराको सुइको पाएर रञ्जनादेवी बिरामी जाँच गर्ने ठाउँमा पुग्छिन् र डा.गोदत्तलाई "अघि आउने नानीथकूँ भन्ने किसान बालासित के गरि रहनु भएको ? कि उसमा अटाइ नअटाइ बगि रहेको उसको वर्षा कालीन यौवन यमुनादेखि मस्त भएर आफू एउटा बिरामी हेर्न बसि रहेको डाक्टर हुँ भनने नै बिर्सनु भयो" (पृ. ६६) ? भनेर सचेत गराउने प्रयास गर्छिन् तर डा.गोदत्तले नारीको बोलीलाई कुनै वास्ता नगरी नानीथकूँलाई फसाउने जालो बुनिरहन्छ । रञ्जनादेवीले नानीथकूँलाई बोलाएर "त्यस्ता तिन वटा छोराछोरीका बाबु, कपालमा जौतिल पाकि सकेका बुढासित तिमी जस्ती भरभराउँदी तरुनीले प्रेम गर्ने" (पृ. ६९) ? भनेर नारीले पुरुषलाई आफ्नो शरीर भोग गर्नु दिन नहुने र नारीको आफ्नो रुप गुण पुरुषको उपभोगका लागि होइन भनेर समेत सम्झाउँछिन् तर नानीथकूँ गरिब भएकै कारणले गर्दा आफूले सुख प्राप्त गर्ने लालसा जाग्छ र डाक्टरको जालमा परी बलत्कृत समेत हुन पुग्छे (प्रथम संस्करणअनुसार) ।

त्यस्तै सुरमान सुब्बाले पनि सत्र वर्षकी नानीथकूँको शरीर उपभोग गर्नका लागि आफ्नो कामदार रामबहादुर लाई पठाएको छ । नानीथकूँ र उनको परिवार गरिब भएको हुनाले रामबहादुरले सुरुमा ऋणको भारी बोकाउने र तिर्न नसकेमा छोरी दिनुपर्ने अवस्था सिर्जना गर्ने योजना गराउँछ । त्यस योजनामा कहीँ अझै असफल भइन्छ कि भनेर सुरमानको छोराले ऋण असुली गर्दा नराम्रो भने पनि सुब्बा साहेबले ऋण माफी गरिदिने र उनी राम्रो व्यक्ति भएको समेत बताउँछ । उसले "तिमीहरु त्यस्तै धर्मभाव भएका मोहीहरु भएरै सुब्बा साहेब पनि छोरामाथि त्यसरी रिसाएर कागज च्याती दिनु भएको" (पृ. ३०) भनेर ऋण माफी गरिदिएको समेत जानकारी दिन्छ । त्यति मात्र नभएर लतमायको श्रीमान्ले मर्नु अगाडि नै सुरमानलाई नानीथकूँ विवाह गरिदिने बाचा गरेको र मरेका व्यक्ति तथा श्रीमान्ले दिएको वचन पूरा गर्नुपर्ने कर्तव्य भएको सामाजिक तथा धार्मिक मान्यतालाई पनि फसाउने साधन बनाउँछ । यस्तो विषयमा उपन्यासको निम्न साक्ष्य उल्लेखनीय छ :

*"तिमीलाई थाहै होला नि, अष्टनारानले नानीथकूँ हाम्रा सुब्बा साहेबलाई कन्यादान दिने वचन दिइ सकेको छ...हुन सक्छ, अष्टनारानले भनेका थिएनन होला, किनभने त्यो गम्भिर मानिस थियो । कसैलाई नभनीकन काम गर्ने उसको बानी थियो । तर जे भए पनि लोग्ने हुन, मलाई बताएनन् भनेर रिसले लोग्नेको विरोधमा जानु स्वास्नी मानिसको धर्म होइन, यसलाई सम्झीबुझी तिमीले लोग्नेको वचन खेर नजाने गरी कर्तव्य पालना गर्नु पर्छ" (पृ. ४५)*

माथिको साक्ष्यले नानीथकूँलाईको शरीर उपभोग गर्नका लागि सुरमान सुब्बाले रामबहदुरलाई पठाएर सामाजिक तथा धार्मिक आस्थाको आधारमा अधीनस्थ बनाउने प्रयास गरेको विषयलाई प्रस्तुत गरेको छ । घरमा दुलही हुँदाहुँदै अर्को विवाह गरी नारीलाई भोग गर्ने चलन तथा प्रथा सामाजिक संस्कारको उपज हो । आफ्नी आमासँग आफ्नो विवाहको प्रस्ताव लिएर आएको रामबहादुरलाई नानीथकूँले के भन्छिन् भन्ने पनि छैन र उनीसँग सोधिएको पनि छैन । रामबहादुरले अष्टनारानले भनेको उनकी श्रीमती लतमायाले मान्नुपर्ने हुन्छ भन्ने विषयलाई धर्मको आड समेत लिएर प्रभावमा पारेको छ । यसमा नारीले स्वविवेकको प्रयोग गरी पुरुष छान्न पनि नपाउने पितृसत्तात्मक व्यवस्थाको असमान व्यवहार, दमन र शोषण रहेको देखिन्छ । यस साक्ष्यबाट नारीलाई उपेक्षा गरी शोषक वर्ग तथा पितृसत्ताको आडमा उपभोग गर्न चाहेको अवस्था देखिन्छ ।

**नारीको प्रतिरोध**

प्रस्तुत उपन्यासमा पुरुषबाट नारीलाई दमन, शोषण र असमान व्यवहार गरिएको छ । एकातिर आर्थिक रुपमा दयनीय अवस्था भएको अष्टनारानको परिवारमा रहेका नारीपात्रहरुले जालझेल र अन्यायको सामना गर्नु परेको छ भने अर्को तर्फ उच्च कुलीन वर्गकै भए पनि रञ्जनादेवीले पुरुषले सिर्जना गरेको मानसिक अवस्थाबाट उत्पीडनमा परेको अवस्था रहेको छ । उपन्यासमा नारी असमानता र स्वतन्त्रताका पक्षमा आवाज उठाएर आर्थिक, सामाजिक तथा पितृसत्तात्मक संस्कारजन्य

उत्पीडनको प्रतिरोध गरिएको छ । प्रस्तुत उपन्यासमा उच्च कुलीन वर्गको विचारलाई अस्वीकार गरेर, गलत कार्यको विरोध गरेर, नारी स्वतन्त्रताका पक्षमा आवाज उठाएर पितृसत्ताबाट हुने दमन र शोषणको प्रतिरोध गरिएको छ ।

उपन्यासकी नारी पात्र लतमायाको मानसिकतामा नानीथकूँलाई डाक्टरसँग विवाह गरिदिए उसको जीवन सुखी हुने तथा सुरमान सुब्बासँग विवाह गरिदिएमा त झन महारानीझैँ हुने र आर्थिक समस्याले पनि नपिर्ने धारणाको विकास भएको देखिन्छ तर उनका छोरा शिवनारानले डाक्टर र सुरमानले बदमासी गरेको कुरा सम्झाएको र पुननारानले आफ्नो भाइ हर्षनारानलाई निम्न नारी स्वतन्त्रता र प्रेमका विषयमा भन्दा आँखा खुलेको छ :

> "अहिले तिमीले कसैकी स्वास्नी नबनेकी, प्रेमिका नबनेकी र बुढी तथा बच्ची भएर बेजोडा नभएकी जो कोही स्वास्नी मान्छेसित प्रेम गर्न सक्तछौ, त्याउन सक्तछौ, यसमा म कत्ति बिघ्न बाधा नगरीकन तिमीलाई पुरा स्वतन्त्रता दिन सक्तछु, तर त्यसो नभईकन तिमीले कसैकी स्वास्नी, आमा, प्रेमिकालाई फकाएर वा उडाएर ल्यायौ भने त्यसलाई म प्रेम वा स्वतन्त्रता कहिल्यै भन्दिनँ । त्यो सरासर बदमासी हो, चोरी हो, डकैती हो" । (पृ. ८०)

डाक्टर र सुरमानले बदमासी गरिरहेको कुरामा स्पष्ट भएपछि लतमायाको धारणामा परिवर्तन भएको छ र उनीहरुसँग नानीथकूँको विवाह नगरिदिने कुरामा सहमत जनाउँछिन् । यस अवस्थाले लतमायाले पनि नारी दमन र शोषणको विरुद्धमा असहमतिको पक्षमा उभिएर प्रतिरोध जनाएको अवस्था हो ।

त्यस्तै यस उपन्यासकी अर्की पात्र रञ्जनादेवीले पनि पुरुषको अधीनस्थताको प्रतिरोध गरेर नारी र पुरुषको समानताको विचारलाई प्रस्तुत गरेकी छिन् । उनलाई आफ्नो श्रीमान् डा.गोदत्तप्रसादको व्यवहारप्रति चित्त बुझेको छैन । उनी केही समय समाजिक मूल्यमान्यताको आडमा चुप लागेर बसे पनि पछि पितृसत्ताको प्रतिरोध गरेकी छिन् । उनले नानीथकूँसँग ख्यालठट्टा गर्दा डाक्टरलाई "यत्रो बडादमी भएर कस्तो चाला यो ? कसैले थाहा पाए के भन्ने होला ? यस्तो पनि बानी ! धेरै आँखा चिम्लि सकेँ (पृ. ६४) भनेर चेतावनी दिएकी छिन् र पितृसत्ताले नारीलाई गरेको अन्यायको प्रतिरोध गरेकी छन् । उनले पितृसत्ताले नारीलाई असमान व्यवहार गरी उपभोगवादी मानसिकता बोकी अधीनस्थ बनाउन प्रयत्न गर्ने प्रवृत्तिप्रति "बिरामी हेरी मानिसहरुको सेवा गर्नका निम्ति तपाईं बिरामी कोठा खोलेर बसि रहनु भएको हो कि गालामा गुलाफ फुलेका तरुनीहरु फसाउन जाल थापि रहनु भएको हो" (पृ. ६५) भन्दै नारीलाई हेर्ने दृष्टिकोण पुरुषले परिवर्तन गर्नु पर्ने विचार प्रकट गरेकी छन् । उनले उच्च दर्जाको व्यक्तिले सभ्य भएर सामाजिक रुपमा इज्जत कमाउनु पर्ने र नानीथकूँसँग गरेको व्यवहार तल्लो स्तरको भएको भन्दै हाँसिरहेका डा.गोदत्तलाई "अझ खिस्सखिस्स हाँसि रहन तपाईंलाई लाज छैन ? मानिसको शोभा र सभ्यताको रक्षा गर्ने कुरा लाज हो । लाजै मानिसमा छैन भने त्यस नाङ्गो मानिससित कसको के लाग्छ ?...यस्तो पनि भलादमीको ताल" (पृ. ६६) ? भनेर गाली समेत गरेकी छिन् ।

रञ्जनादेवीले नारी र पुरुष समान भएको विचारलाई आत्मसाथ गर्नुपर्ने र समाजमा पुरुषले पनि नारीका अस्तित्वलाई स्वीकार गर्नुपर्ने विचारलाई डा.गोदत्तले गरेको बदमासी सह्य नहुने कुरा "तपाईंकी स्वास्नीलाई कसैले ठट्टा गर्न कुतकुत्याएकोमा चाख मानेर जिस्किन तपाईंलाई एकदम मन पर्दैन भने कुनै नव युवती ठिटीले ठट्टा गर्न कुतकुत्याएकोमा मेरो लोग्ने कुखुरी काँ गरेर दोड्न पुगेको मलाई मन्जुर होला"(पृ. ६७) ? भन्ने कडा शब्दको प्रयोग गरेर नारीलाई कमजोर ठान्न नहुने र आफ्नो बानीलाई सुधार गर्नुपर्ने बताएकी छन् । उनले नारीलाई दमन, शोषण गरिएको छ भन्ने विचारमा अझ कडा शब्दको प्रयोग गरी "मेरो कुरा त्यसै लच्याकलुरुक पारी हँसीमा उडाएर जान पाइन्न, सफा जवाफ दिनोस् के विचार छ" (पृ. ६७) ? भनेर अब वारपारको निर्णय गर्न समेत चुनौति दिएकी छन् । उपर्युक्त रञ्जनादेवीको माध्यमबाट प्रयोग गरिएका साक्ष्य नारीका असमानताका विरुद्धमा गरिएको प्रतिरोध हो । त्यतिमात्र नभई उपन्यासमा उनकै माध्यमबाट नारी मूल्य र अस्तित्वको सम्बन्धमा नानीथकूँलाई सम्झाइएको छ र नारीका मूल्यमान्यता कुल्चने प्रवृत्तिको प्रतिरोध गर्ने प्रेरणा समेत दिइएको छ ।

उपन्यासमा देखिएकी प्रमुख नारी पात्र नानीथकूँ पनि सुरुमा आफ्नो अर्थिक अवस्था दयनीय भएका कारणले उच्च वर्गको साथ पाएमा वा उनीहरुसँग विवाह गर्न पाएमा आर्थिक अवस्था सुधार भई सुख प्राप्त हुन्छ कि भन्ने सोँच राखेकी छे तर नारीको अस्तित्व, नारीत्व र नारीको महत्त्वको ज्ञान भएपश्चात् आफूलाई शोषण गरिएको र भोगका लागि उपयोग गर्न लागेको यथार्थताको बोध भएको छ । त्यसको फलस्वरुप उनले आफ्नै उमेर मिल्ने अर्को जातको मधेशे रामखेलावन रावतसँग विवाह गरी उच्च वर्गका डा.गोदत्त र सुरमानसुब्बालाई अस्वीकार गरेकी छे । यो उच्च वर्गलाई गरिएको अस्वीकार र रामखेलावनलाई गरिएको स्वीकार नानीथकूँले नारी दमन र उत्पीडन विरुद्धको प्रतिरोध हो । यसरी यस उपन्यासमा मूलतः नारीपात्र लतमाया, रञ्जनादेवी, नानीथकूँको माध्यमबाट नारीमा हुने दमन र उत्पीडनको विरुद्धमा प्रतिरोध गरिएको छ ।

## निष्कर्ष

एक चिहान उपन्यासमा प्रस्तुत नारी पात्रहरु एकातिर सामन्ती शोषक वर्गको दमन, शोषण, अन्याय र असमानताका कारण उत्पीडित भएका छन् भने अर्कोतर्फ गरिबीका कारण अधीनस्थ स्वीकार गरी बलत्कृत समेत हुन परेको छ। सामन्ती शोषक वर्गका रुपमा देखा परेका डा.गोदत्त र सुरमान सुब्बाले नारी नानीथकूँलाई उपभोग गर्नका लागि पितृसत्तात्मक सामाजिक संरचनाको आडमा विभिन्न प्रपञ्च रचेका छन्। मूलतः रञ्जनादेवी र नानीथकूँ डा.गोदत्तको दमन र शोषणमा परेका छन् भने सुरमान सुबाको अत्याचारमा नानीथकूँ, तलमाया, हामुमाया परेका छन्। उपन्यासमा नारी पात्रहरु आफूमा अन्याय परेको तथा दमन, शोषण भएको अनुभूति भएपछि असमानताको विरोध गरी, नारी अधीनतालाई अस्वीकार गरी, पितृसत्तात्मक सामाजिक तथा आर्थिक संरचनाको विरोध गरी, नारी स्वतन्त्रताको पक्षमा आवाज उठाई प्रतिरोध गरेका छन्। अतः यस उपन्यासमा सहमतीय रुपमा नारीलाई दमन, शोषण गरी उत्पीडनमा पारिएको मुख्य समस्या नारीकेन्द्री विषय हो। मूलतः नारी शोषणमा पर्ने प्रमुख कारण आर्थिक पक्ष देखिएको छ। नारीहरु आर्थिक रुपमा सबल भएमा नारीका मूल्यमान्यता, अस्मिता र अस्तित्वको संरक्षण गरी दमन र उत्पीडनका विरुद्धमा प्रतिरोध गर्नसक्छन् भन्ने निष्कर्ष यस उपन्यासमा रहेको छ।

## सन्दर्भसूची

खनाल, राजेन्द्र (२०७१). "नेपाली उपन्यासमा लैङ्गिक चेतना". शिक्षाशास्त्र केन्द्रीय विभाग. त्रि.वि. अप्रकासित विद्यावारिधि शोधपत्र।

त्रिपाठी, सुधा (२०७६). 'पाश्चात्य नारीवाद र त्यसको स्वरुप'. *रत्न वृहत नेपाली समालोचना, सैद्धान्तिक खण्ड* (दो.सं). राजेन्द्र सुवेदी र डा.लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौं : रत्न पुस्तक भण्डार, पृ.२०८–२२३। ।

प्रधान, हृदयचन्द्रसिंह (२०७०). *एक चिहान* (सं.चौथो). ललितपुर : साझा प्रकाशन।

पिल्चर, जे.एन्ड आइ. ह्वेलहेन (सन् २००४). *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज.* लन्डन : सेज पब्लिकेसन्स।

पौडेल, तुलसीराम (२०५९). *लैङ्गिक अध्ययनको रुपरेखा* (दो.सं). काठमाडौं : नीमा पुस्तक प्रकाशन।

भट्टराई, गोविन्दराज (२०६१). *पश्चिमी बलेँसीका बाछिटा.* काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

भट्टराई, रमेशप्रसाद (२०७६). 'लैङ्गिक समालोचना'. *रत्न वृहत नेपाली समालोचना, सैद्धान्तिक खण्ड* (दो.सं). राजेन्द्र सुवेदी र डा.लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौं : रत्न पुस्तक भण्डार, पृ.२५९–२७३।

मोइ, तोरिल (सन् १९८६). *फेमिनिस्ट क्रिटिसिज्म, मोडर्न लिटरेरी क्रिटिसिज्म.* सम्पा. ऐनने जफरसन र डेभिड रबे.(दो.सं.). लन्डन : बी.टी.बास्टफोर्ड लिमिटेड।

लुइटेल, समिरा (सन् २००८). *जेन्डर स्टडिज.* काठमाडौं : एकेडेमिक बुक्स सेन्टर।

वाग्ले, महेन्द्र (२०७७). 'एक चिहान उपन्यासमा सबाल्टर्न'. *प्रज्ञा.* गोपिन्द्र पौडेल (प्र.सम्पा.). काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान, पृ.१२६–१३८।